# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
# सानोठिमी, भक्तपुरको
## परीक्षाफल प्रकाशनसम्बन्धी विज्ञप्ति

**राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०८३ साल वैशाख १४ गतेदेखि ऐ. २७ गतेसम्म सञ्चालन भएको कक्षा १२ को नियमित/आंशिक परीक्षार्थीहरूको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०८३/०३/०५ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ । परीक्षाफलको विवरण निम्नानुसार रहेको छ ।**

| विवरण | नियमित तर्फ | आंशिक तर्फ | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|
| परीक्षामा सहभागी भएको परीक्षार्थी सङ्ख्या | ३,३२,२४१ | ८५,९२९ | ४,१८,१७० | |
| परीक्षा रद्द गरिएको परीक्षार्थी सङ्ख्या | ३० | १० | ४० | |
| सबै विषयमा ग्रेड प्राप्त परीक्षार्थी सङ्ख्या | २,३१,७७० | ३६,४२० | २,६८,१९० | |
| उत्तीर्ण (ग्रेड प्राप्त) प्रतिशत | ६९.७५ | ४२.३८ | ६४.१३ | |

**निम्न क्रमाङ्क भएका परीक्षार्थीहरूको चालु खण्डको सम्पूर्ण विषयको परीक्षफल रद्द गरिएको छ :**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०४१२७१० | २०५१०११५ | २०५११९२५ | २०५११९२६ | २०५१५५३९ | २१४००२५९ | २१६०१८५४ | २१६०५०७५ | २१६०५०८४ | २१६०५०८७ |
| २१६०५०८९ | २१७००११२ | २२५०३५१५ | २२७००२४८ | २२७००२५० | २३१०२५७१ | २३१०२५८५ | २३३००९०८ | २४००५८७२ | २४९०३८४३ |
| २४९०७७११ | २५५०२६६६ | २५५०२६८२ | २६८००००७ | २७१०५४४२ | २७१०५५९६ | २७१०५६२७ | २७२०१८६१ | २७२०१९८१ | ३०४००६६७ |
| ३०५०१९६८ | ३१८००५८९ | ३१८००८८० | ३१८००८९७ | ३७१०११७३ | ३७१०११८८ | ३७१०१३४९ | ३७१०१३५६ | | |

**निम्न क्रमाङ्क भएका परीक्षार्थीहरूको चालु खण्ड परीक्षाका सम्पूर्ण विषय रद्द गरिनुका साथै थप एक वर्ष बोर्डबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सहभागी हुन नपाउने कारवाही गरिएको छ :**

२२७४४३०१ ३५५०००७६

**परीक्षाफलसम्बन्धी जानकारी तपसिल बमोजिमको Website, SMS Service र IVR Service बाट प्राप्त गर्न सकिने छ :**

**Website :**

**१. राष्ट्रिय परीक्षा बोर्डको** website: result.neb.gov.np **वा** neb.gov.np

**२. नेपाल टेलिकमको** website : https://neb.ntc.net.np

**SMS सेवा :**

१. NEB <space> Symbol No. **टाइप गरी नेपाल टेलिकमको १६०० मा** SMS **गर्ने ।**

**IVR सेवा :**

**१. नेपाल टेलिकमको १६०१ नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने ।**

**USSD सेवा :**

**१. *१६०१# नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने ।**

**पुनश्चः-**

१. **प्रमाणपत्र उपलब्ध गराउनेसम्बन्धी व्यवस्थाः**

क. कक्षा १२ को परीक्षामा नियमित/आंशिक परीक्षार्थीको रुपमा (रजिस्ट्रेसन नम्बरको सुरुको दुई अङ्क ७९, ८०, ८१ र ८२ भएका) सहभागी भई प्रत्येक विषयको सैद्धान्तिक परीक्षामा कम्तीमा D एवं प्रयोगात्मक (आन्तरिक मूल्याङ्कन) परीक्षामा कम्तीमा C ग्रेड प्राप्त गर्ने परीक्षार्थीहरूले नतिजा प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन पश्चात् मात्र ट्रान्सक्रिप्ट, माइग्रेसन र प्रोभिजनल (TMP) प्रमाणपत्रका लागि शुल्क बुझाउन सकिने छ । नियमित परीक्षार्थीको प्रमाणपत्र प्राप्तिका लागि ***सम्बन्धित विद्यालयहरूले प्रति विद्यार्थी रु. १,५००।– लिई एकमुष्ट रूपमा बोर्डका सम्बन्धित कार्यालयहरूको खातामा रकम बैंक दाखिला वा Online भुक्तानी गरी भौचर पेश गर्न सक्ने व्यवस्था मिलाइएको छ ।*** साथै तोकिएको भन्दा बढी रकम नलिनुहुन समेत सम्बन्धित विद्यालयहरूलाई जानकारी गराइन्छ ।

ख. परीक्षार्थीहरूले शैक्षिक प्रमाणपत्र प्राप्तिका लागि कक्षा ११ र १२ मा तोकिएको न्यूनतम ग्रेड प्राप्त गरेको ग्रेडसिट (स्वयंले प्रमाणित गरेको) वा लेजरको प्रमाणित प्रति ***अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छ ।***

२. परीक्षाफल प्रकाशनपश्चात् आफूले प्राप्त गरेको कुनै विषयको ग्रेडमा चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीहरूले प्रति विषय रु. १,०००।- (एक हजार) का दरले Online मार्फत दस्तुर बुझाई परीक्षाफल प्रकाशन भएको मितिले **७ (सात)** दिन (**२०८३ असार ६ गते बिहान ११:०० बजेदेखि ऐ. १२ गते साँझ ५:०० बजेसम्म**) भित्र ***राष्ट्रिय परीक्षा बोर्डको*** website : neb.gov.np को Online payment (Retotaling) ***मार्फत*** आवेदन दिनुपर्ने छ ।

३. परीक्षाफल प्रकाशनका क्रममा कुनै त्रुटि (स्थगित वा अनुपस्थित, विषय फरक पर्ने, नाम थर, रजिस्ट्रेसन नम्बर फरक पर्ने आदि) देखिएमा बोर्डका सम्बन्धित कार्यालयहरू वा **राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र** आवश्यक कागजातसहित निवेदन पेश गर्न अनुरोध गरिन्छ । म्याद नाघी आएका र रीत नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

४. २०८३ साल वैशाख महिनामा सञ्चालित कक्षा १२ को वार्षिक परीक्षामा नियमित परीक्षार्थीका रूपमा सहभागी भई सैद्धान्तिकतर्फ अन्य सबै विषयमा D वा सोभन्दा माथिल्लो ग्रेड प्राप्त गरी बढीमा कुनै दुई विषयमा NG (Not Graded) प्राप्त गर्ने वा बढीमा दुई विषयमा अनुपस्थित रहेका परीक्षार्थीहरूले मौका (पूरक) परीक्षामा सहभागी हुन पाउने छन् । यससम्बन्धी विस्तृत जानकारी मौका (पूरक) परीक्षाको समयतालिकासम्बन्धी सूचनामा उल्लेख गरिएको छ ।

५. नतिजामा प्राविधिक कारणले कुनै त्रुटि भएमा परीक्षा नियन्त्रण कार्यालयको मूल अभिलेखबाट सच्याइने छ ।

- परीक्षा नियन्त्रक

मिति : २०८३/०३/०५